# स्थानीय राजपत्र

**मायादेवी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः ९** | **संख्याः७** | **२०८२ पौष २८ गते**

# भाग २

**मायादेवी गाउँपालिका**

## गाउँकार्यापालिकाको कार्यालय

**बरेवा - रुपन्देही**

**लुम्बिनी प्रदेश, नेपाल**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँकार्यपालिकाले बनाएकको तल लेखिए बमोजिकमको कार्यविधि उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

# निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत मितिः२०८२/०९/२४**

**प्रमाणिकरण मितिः२०८२/०९/२८**

MAYADEVI RURAL MUNICIPALITY
मायादेवी गाउँपालिका
बरेवा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल।

**प्रस्तावनाः** निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि, २०८० र (पहिलो संशोधन), २०८२ मा सामयिक गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा लुम्बिनी प्रदेश सरकारको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को परिच्छेद ३ दफा ४ उपदफा १ ले दिएको अधिकार तथा मार्गनिर्देशन अनुसार मायादेवी गाउँपालिका, रुपन्देहीले यो कार्यविधि तयार गरि लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः यो कार्यविधिको नाम निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२ हुनेछ।**

**२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ।**

**३. <u>यस कार्यविधिको दफा ४ मा संशोधन</u>**

<u>क) को सट्टा</u> निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार गर्न चाहने जग्गाधनी र उत्खनन् गर्ने व्यक्ती वा संस्थाले आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

<u>ट) थप गर्ने</u> उत्खनन् कार्य सम्पन्न भए पश्चात वडा स्तर अनुगमन समिति (वडा समिति)ले अनुगमन प्रतिवेदन पेश गर्नु पर्नेछ।

**४. <u>यस कार्यविधिको दफा १६ मा संशोधन</u>** उत्खनन् कर्ता (संस्था) भएमा उत्खनन् अनुमति दिदा उत्खनन् परिमाण तथा कुल तिर्नुपर्ने राजश्व रकमको २५(पच्चीस) प्रतिशत रकम वा उत्खनन् कर्ता (व्यक्ति) भएमा उत्खनन् परिमाण तथा कुल तिर्नुपर्ने राजश्व रकमको १०० शत प्रतिशत रकम सम्झौता गर्दाका बखत धरौटीबापत राख्नु पर्ने छ।

आज्ञाले,
लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत